स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'महाराजधिराज'बाट अभिनेता पल शाह बाहिरिएका छन्। फिल्ममा कुनैपनि भूमिकामा नरहने गरेर उनी बाहिरिएका हुन्। निर्माण कम्पनी छत्रेश्वर म्यानेजमेन्ट प्रा.लीले फिल्मलाई लिएर पल शाहसँग भएको सम्झौता अन्त्य गरिएको बताएको हो। कम्पनीलेएक सूचनामार्फत पल शाहसँगको सम्झौता अन्त्य गरिएको जानकारी दियो। फिल्मका लागि गत कातिक १४ मा पलसँग साझेदारी सम्झौता भएको थियो।

आजको विचार...



ऋण...
(दुई पेजमा)

मेघनाथ दाहाल



मोडल तथा एक्ट्रेस गरिमा शर्मा अहिलेकी ब्यस्त अभिनेत्री हुन्। उनको पछिल्लो फिल्म 'जन्ते बाख्रो' प्रदर्शन भैरहेको छ। फिल्ममा उनले एक ग्रामीण युवतीको भूमिका निर्वाह गरेकी छन्। योग्य वधु र वर पाउन पात्रले गर्ने संघर्षको कथावस्तुमा यो फिल्म बनेको छ। रिल लाइफमा पनि गरिमालाई चाहने र रुचाउने धेरै छन्। क्युट लुक्स मात्र होइन, उनको मिजासिलो स्वभाव धेरैलाई लागि प्रिय लाग्छ।

❒ वर्ष ३० ❒ अंक ३१९ ❒ २०८२ जेठ ३१ गते शनिबार 14 June 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हमासको आक्रमणमा पाँचको मृत्यु

(रासस/एएफपी)

**गाजा,** जेठ ३०/गाजामा सञ्चालन भइरहेको अमेरिका र इजरायली समर्थित परोपकारी संस्थाले प्यालेस्टिनी लडाकु समूह हमासलाई बुधबार वितरण केन्द्र जाने क्रममा सहायता कर्मचारीहरूमाथि आक्रमण गरेको आरोप लगाउँदै कम्तीमा पाँच जनाको मृत्यु भएको बताएको छ । गाजा ह्युमेनिटेरियन फाउन्डेसन (जिएचएफ) ले दक्षिणमा खान युनिस नजिकैको वितरण स्थलमा आफ्ना कर्मचारी बोकेको बसमा राति १०:०० बजे ( १९०० जिएमटी) 'हमासले क्रूरतापूर्वक आक्रमण गरेको' बताएको छ । "हामीले अझै पनि तथ्यहरू सङ्कलन गरिरहेका छौँ, तर हामीलाई के थाहा छ भने त्यो विनाशकारी छ: कम्तीमा पाँच जनाको मृत्यु भएको छ, धेरै घाइते भएका छन्, र हाम्रो टोलीका केही सदस्यलाई बन्धक बनाइएको हुनसक्ने डर छ", जिएचएफले एक विज्ञप्तिमा भन्यो। एएफपीलाई पठाएको इमेलमा समूहले मारिएका सबै पाँच जना जिएचएफका लागि प्यालेस्टिनी सहायताकर्मी भएको बताएको छ । "यी सहयोगी कामदारहरू थिए । मानवतावादी । बुबा, भाइ, छोरा र साथीहरू, जसले अरूलाई मद्दत गर्न हरेक दिन आफ्नो ज्यान जोखिममा पार्दै आएका थिए", समूहले आक्रमणको निन्दा गर्दै आफ्नो विज्ञप्तिमा भन्यो ।

# होमस्टेबाट आयआर्जनमा जोडिदै तिनाउका महिला

कृष्ण पोखरेल


**पाल्पा,** जेठ ३०/पर्यटन र होमस्टेमार्फत यहाँका महिलाहरु आयआर्जनमा जोडिदै गएका छन् । जिल्लाको तिनाउ गाउँपालिकाको वडा नं. ६ मस्याम, वडा नं. ५ मरामकोट, वडा नं. ४ को सत्यवतीमा होमस्टेको शुरुवात भएको छ भने वडा नं १ कचल, वडा नं २ दोभान, वडा नं ३ झुम्साका विभिन्न भागमा होमस्टे सञ्चालनको तयारीमा महिलाहरु जुटेका छन् ।

होमस्टे सञ्चालनमा जुटेका महिलाहरुलाई थप उत्साह, ज्ञान सीप प्रदान गर्न अभिमुखीकरण कार्यक्रम समेत सञ्चालन गरिएको छ । पाल्पा विकास केन्द्रको आयोजना, तिनाउ गाउँपालिकाको समन्वय र सामाजिक विकास डिभिजन कार्यालय तानसेन पाल्पाको आर्थिक सहयोगमा पालिकाका महिलाहरुलाई केन्द्रित गरेर पर्यटन तथा होमस्टे प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो । गाउँपालिकाको ६ वटै वडामा होमस्टेमार्फत आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने, गाउँ गाउँमा आर्यआर्जन बढाउने,महिलाहरुको उद्यमशिलता बढाउने र महिलाहरुलाई




आर्थिक रुपमा बलियो बनाउन अभिमुखीकरण कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । गाउँपालिकालाई पर्यटन तथा कृषिको माध्यमबाट सम्बृद्ध बनाउने, महिलाहरुको आयआर्जन बढाउने काममा समुदाय स्तरमा जस्तो सुकै सहयोग गर्न पालिका तयार रहेको गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए । उनले भने "अहिले बजेट बनाउने समय भएको छ , महिला दिदि बहिनीहरुले होमस्टे सञ्चालनको लागि योजना लिएर आउनुस्, आउने बर्षबाटै काम शुरु हुन्छन् ।" पैसा कमाउन तिनाउवासीलाई कुनै दु:ख नरहेको पालिका उपाध्यक्ष लालबहादुर थापाले बताए । "अलिकती मिहेनत गर्नुस् घरमै बसीबसी महिनाको ४०/५० हजार सजिलै कमाउन सकिन्छ त्यसको लागि पालिकाले वातावरण तथा पुर्वाधार तालिम कला संस्कृति लगायतका समुदायलाई आवश्यक सहयोग गर्ने छ आफ्नो कार्यकालमा मस्यामको जन्तिलुङमा शुरु गरेको होमस्टे अहिले व्यस्थित हुँदै गएको गाउँपालिकाका संस्थापक अध्यक्ष ओम बहादुर घर्तिमगरले बताए । उनले दिनहुँ पर्यटकहरु बढ्दै गएको,स्थानीयहरुको रोजगारी बढेकाले तिनाउका अन्य ५ वट वडामा पनि सञ्चालनको लागि तालिमले मद्दत मिलेको बताए । पालिकाका सबै वडाहरुका पर्यटकीय पुर्वाधारहरु निर्माण हुँदै गएको, बाटा घाटाहरु सहज हुँदै गएको, अधिकाश घरहरुमा एक घर एक धारा पुगेकाले बुटवलबाट सबै वडाहरुमा एक डेढ घण्टामा पुगिने भएकाले होमस्टेको माध्यमबाट राम्रो आम्दानी गर्न सकिने २ का वडा अध्यक्ष यादव अर्यालले बताए । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय होमस्टे महासंघका उपाध्यक्ष धनिश्वर बस्याल, नेपाल रेडक्रस सोसाईटी पाल्पाका कार्यालय प्रमुख विनोद भारती, सामाजिक अभियान्ता राजेश श्रेष्ठ लगायतले सहजीकरण गरेका थिए । *-बाँकी अन्तिम पेजमा...*

## दुर्गा प्रसाईंसहित ७ जना कारागार चलान




**पाल्पा,** जेठ ३०/गत १५ चैतमा तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनपछि पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंसहितका ७ जना प्रतिवादीलाई डिल्लीबजार कारागार पठाइएको छ । तीनकुनेमा राजतन्त्र पक्षधरको हिंसात्मक प्रदर्शनमा संलग्न भएको आरोपमा मुद्दा लागेका दुर्गाप्रसाद प्रसाईं, तारा राजावादी भन्ने सरोज गौतम, अनुप राजावादी भन्ने गोकर्ण शाही, डण्डपाणि रेग्मी, केशव बस्नेत, कुमार तामाङ र सुशील बराललाई कारागार लगिएको हो ।

उनीहरुलाई शुक्रबार दिउँसो कारागार लगिएको छ । काठमाडौं जिल्ला अदालतले बिहीबार राति थुनामा राख्न आदेश दिएको थियो । न्यायाधीश वराज कार्कीको इजलासले ७ जनालाई थुनामा राख्न र ३२ जनालाई धरौटीमा छोड्न आदेश दिएको थियो । सरकारी वकिलको कार्यालयले प्रसाईंसहित ५० र ११ जनाको छुट्टाछुट्टै अभियोगपत्र बनाएर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम ११ जेठमा मुद्दा दायर गरेको थियो । त्यसमध्ये आपराधिक उपद्रवअन्तर्गत ११ जना यसअघि नै धरौटीमा छुटेका छन् । ५० जनामध्ये उपस्थितहरूको बयान र थुनछेक बहसपछि अदालतले यो निर्णय गरेको हो । राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, राप्रपा महामन्त्री एवम् सांसद धवलशमशेर राणा लगायत हाजिरी जमानीमा छुटेका ११ जना अहिले सम्पर्कमा छैनन् । अदालतमा उपस्थित नै नभएको भन्दै मिश्र र जबरालाई भने अदालतले फरार प्रतिवादीको रूपमा राखेर पक्राउ पुर्जीको लागि प्रक्रिया अघि बढाएको छ । कारागार चलान भएका सात जना बाहेक ३२ जनालाई भने धरौटी माग भएकाले उनीहरू धरौटी बुझाएर रिहा भएका थिए ।

## दूध र मह बिक्रीबाट मनग्य आम्दानी

**गलकोट (बागलुङ),** जेठ ३०/ बसाइँसराइले उजाडिएको जैमिनी नगरपालिका-८ को छिस्ती फुर्केसल्ला गाउँ । खण्डहर घर र बाझिएका खेतबारीको बीचमा एउटा मेहनती परिवार छ, जस्को कृषि कर्म साँच्चिकै लोभलाग्दो छ । आँगनैभरि मौरीका घार, गोठमा भैँसी र पाडापाडी, बारीमा व्यावसायिक घाँसखेती । यसैबाट गाउँमै सम्भावना खोजिरहेका छन्, रघुनाथ पौडेल ।

उमेरले ६२ वर्ष पुगेका पौडेल र उनका ३३ वर्षीय छोरा राजन पौडेल दिनभर गाईभैँसीको स्याहार र दूध व्यवस्थापनमा व्यस्त छन् । गाईभैँसीपालन, तिनको मलबाट व्यावसायिक घाँसखेती गर्दै आएका पौडेल परिवारसँग प्लाष्टिक टर्नेलदेखि तोरी पेल्ने र कुटानी-पिसानी गर्ने मिलसमेत छ । बाउछोरा मिलेर पाँच वर्षयता दूध र मह उत्पादन गर्दै आएका छन् । गाउँमा बसाइँसराइले बाँदर आतङ्क भएपछि अन्नबालीसमेत कम उत्पादन हुन थालेको छ । परम्परागत कृषिकर्म



गरेर छोराछोरीलाई हुर्काएका रघुनाथ भने छोराकै साथले कृषि र पशुपालन कर्मलाई व्यावसायिक बनाइराखेका छन् । "गाउँ रित्तियो, सम्पत्ति भएका त सहरबजार सरे, हामी बाउछोरा यही गाउँमा केही गर्नुपर्छ भनेर लागेका छौँ", बुबा रघुनाथले भने, "हाल छवटा मुर्रा भैँसी र तीनवटा गाईपालन गरेका छौँ । आँगनमा ३० वटा मौरीका घार छन्, दुई प्लाष्टिक टनेल, १० रोपनी जग्गामा घाँसखेती र तेल पेल्ने र कुटानी-पिसानी गर्ने मिल छ । यीमध्ये मासिक एक लाख २० हजार त दूध बिक्रीबाटै कमाइन्छ ।" गाईभैँसी र पाडापाडीका लागि आवश्यक अन्न कुट्न र पिस्नका लागि घरमै कुटानी-पिसानी मिल सञ्चालन गरिरहेको उनले सुनाए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## रक्तदाता दिवस र यसको सार्थकता

विश्व रक्तदाता दिवस आज नेपालमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ । हरेक वर्षको जुन १४ का दिन विश्वभरका देशले विश्व रक्तदाता दिवस मनाउने गर्छन् । यस दिवसमा सुरक्षित रगत र रगत उत्पादनको आवश्यकताबारेमा सचेतना जगाउन र रक्तदान गर्न प्रेरित गर्दै आइएको छ । रक्तदातालाई धन्यवाद दिन पनि यो दिवस मनाइन्छ । यो दिवसकै कारण रगत अभावको समस्यालाई केही हदसम्म भए पनि समाधान गर्ने प्रयास भने भएको छ । यो आफैमा राम्रो कुरा हो ।

नेपालमा स्वयंसेवी रक्तदाताहरूको संख्य बद्दै जानुलाई सकारात्मक मान्नुपर्छ । तर रक्तदाता बद्दै गए पनि सरकार र सम्बन्धित निकायले भने यथेष्ट व्यवस्थापनमा ध्यान दिन सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । स्वयंसेवी रक्तदाताको संख्या क्रमिक वृद्धि भइरहेको यो समयमा यसको सदुपयोग सही तवरले गर्न सकेमा रगत र रक्ततत्वको आवश्यकतालाई सहज प्रकारले निवारण गर्न सकिने छ । संसारको कुनै पनि देशमा रगत र रक्तत्वहरूको आवश्यकतालाई पूरा गर्ने एउटै मात्र स्रोत स्वयंसेवी रक्तदाताहरू हुन् । यिनै स्वयंसेवी रक्तदाताको संख्यामा क्रमिक सुधार ल्याउन सकिएन भने यसको दीर्घकालीन असर रक्तसञ्चार क्षेत्रमा पर्न सक्छ । जबसम्म स्वयंसेवी रक्तदाताको सही व्यवस्था हुँदैन, तबसम्म कुनै पनि देशका रक्तसञ्चार केन्द्रको औचित्य पुष्टि हुने छैन । यी स्वयंसेवी रक्तदाता नै एक मात्र औचित्य पुष्टि गर्न सक्ने प्रमुख स्रोत हो । स्वयंसेवी रक्तदातालाई रक्तदानका क्षेत्रमा हरदम समाहित हुनेखालका क्रियाकलापको आवश्यकता पर्छ । मानवरगत र रगतबाट तयार पारिएका रक्ततत्वहरू पूर्ण रूपमा नि:शुल्क वितरण गर्ने र गराउने राज्यको नीति छ । तर अझै पनि यो नि:शुल्क बन्न सकेको छैन । केही संघसंस्थाहरुले खुलेआम बिलबीजक काटी बिक्री-वितरण गरिरहेका छन् । तर पनि सम्बन्धित निकायको ध्यान पुगेको छैन । रगत र रगतबाट तयार पारिएका रक्ततत्व जनताले चाहेको बेला सहजै नि: शुल्क पाउन सके हरेक वर्ष मनाइने विश्व रक्तदाता दिवसले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

### Opinion @ Social Network

बिग्रिदैमा सबै कुराको महत्व घट्छ भन्ने हुँदैन
नामलाई बिगारेर नै हस्ताक्षर बनाइन्छ ।
*(दिपक भण्डारीकोफेसबुक स्टाटसhttps://www.facebook.com/dipak.Bhandari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ऋण तिर्नकै लागि ऋण लिनु डरलाग्दो



**मेघनाथ दाहाल**

सरकारले प्रस्तुत गरेको बजेट सुधारवादी छ, तर समग्र अर्थतन्त्रमा संरचनात्मक परिवर्तन ल्याउन सक्दैन । बजेटले सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासनमा जोड दिएको छ, र निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई मुख्य प्राथमिकता बनाएको देखिन्छ। विगतका बजेटहरूमा खर्चको वास्तविकता नहुँदा वित्तीय अनुशासनहीनता बढेको र कर प्रणाली सुधार आवश्यक रहेको उल्लेख गरिएको छ। सरकारले संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट सुधारवादी चरित्रको छ। तर, यो समग्र अर्थतन्त्रलाई संरचनात्मक परिवर्तन गर्नसक्ने किसिमको बजेट होइन।सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासनलाई अहिलेको बजेटले अलिकति जोड दिएको छ। व्यवसायमैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई यो बजेटले हाइलाइट गर्न खोजे जस्तो देखिन्छ। डिजिटल पूर्वाधार र अर्थतन्त्र निर्माणको विषय युवा उद्यमीलाई नयाँपन हो। बजेटले जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा केही चासो र सरोकार व्यक्त गरेको छ। वित्त प्रणालीमा कसरी अनुशासन गुमाउँदै गइरहेका छौं, कसरी हामीले विस्तारै सन्तुलित बनाउनुपर्छ भन्ने सन्दर्भमा केही प्रयासहरू गर्न सुरुवात गर्न खोजेको स्थिति छ । विकास वित्तको विस्तार गरेको छ। विगत केही सालका बजेटहरू हेर्‍यौं भने पूँजीगत खर्च भन्दा ऋणको सावाँ-ब्याज भुक्तानीमा बढी खर्च हुन थालेको स्थिति थियो । त्यसमा सरकारले चासो र सरोकार देखाएको छ । राजस्व प्रणाली सुदृढीकरणको कुरा गरिएको छ। यो पनि अत्यन्त आवश्यकता खट्किरहेको स्थिति हो । बजेटले धेरै ठूलो परिवर्तन गर्न खोजेको छैन। सरकारको वित्तीय स्थिति हेर्ने हो भने सरकारको नियमित खर्च पनि राजस्वले धान्न नसक्ने स्थिति आइसक्यो। यो स्थिति भनेको संघीय सरकारको हो। प्रदेश र स्थानीय तहको सम्पूर्ण राजस्व र खर्चलाई एकै ठाउँमा राखेर हेर्ने हो भने त्यति सारो डरलाग्दो स्थिति आइसकेको छैन । नेपालको बजेट घाटा सामान्यतया जीडीपीको ६ देखि ७ प्रतिशतको हाराहारी छ। यसमा सीमान्त सुधार भएको जस्तो मात्रै देखिन्छ। सरकारको नियमित खर्च राजस्वले जसोतसो धानिरहेको छ। पूँजीगत खर्च र ऋण व्यवस्थापनलाई ऋण लिनुपर्ने भएकाले सार्वजनिक ऋण बद्दै गएको छ। अहिले नेपालको ऋण कुल गार्हस्थ्य उत्पादनको ४२ प्रतिशत हाराहारी त पुगिसकेको छ। ४२ प्रतिशतको सार्वजनिक ऋण डरलाग्दो फिगर होइन। किनभने औद्योगिक देशहरू जस्तै जापान, संयुक्त राज्य अमेरिकामा २०० प्रतिशत भन्दा बढी सार्वजनिक ऋण छ । त्यहाँ अर्थतन्त्रले राम्रै काम गरिरहेको छ। राजस्वले नियमित खर्च मात्रै धान्न सक्ने भएकाले ऋण तिर्न पनि ऋण नै लिनुपर्ने स्थिति चाहिं डरलाग्दो हो । जीडीपीको १०० प्रतिशतको हाराहारी ऋण पुगेपछि श्रीलंका ठूलो वित्तीय संकटमा फस्यो, त्यति ठूलो परिवर्तनहरू भयो। ऋण लिएर उत्पादनशील क्षेत्रमा खर्च गर्न सकेनौं भने त्यसले उत्पादकत्व नबढाउने र थप ऋणको बोझ थप्दै जाने हुन्छ । त्यसैले ऋण तिर्नको लागि ऋण लिनुपर्ने स्थितिलाई नियन्त्रण गर्नुपर्छ । यो समस्यालाई उपयुक्त आर्थिक नीतिले सम्बोधन गर्नुपर्ने खाँचो छ । सरकारी राजस्वको प्रवृत्ति हेर्ने हो भने नेपालले झन्डै १८ प्रतिशत राजस्व संकलन गरिरहेको छ । यो अनुपातमा नेपाल दक्षिणएशियामा नै उच्च छ। त्यसो हुँदा नेपालले राजस्व संकलन गर्न नसकेको होइन। तर, नेपालको आवश्यकता नै ठूलो छ। विकास निर्माणमा बढी लगानी गर्नुपर्ने छ तर अन्तर्राष्ट्रिय ऋण र अनुदान पाउन सक्ने क्षमता कमजोर हुँदै गएको स्थितिमा छ। कुल गार्हस्थ्य उत्पादनको एक प्रतिशत भन्दा पनि कम अनुदान आउन थालेको छ। फलस्वरुप साधन र स्रोतको परिचालन अत्यन्त जटिल बनेको छ। संघीय सरकारको २० प्रतिशतको हाराहारी पूँजीगत खर्च र २० प्रतिशतकै हाराहारी वित्त व्यवस्थापनमा खर्च गर्ने भन्छौं। तर, खर्च भएको स्थिति हेर्ने हो भने १३-१४ प्रतिशत मात्रै पूँजीगत खर्च भएको छ। २० प्रतिशत जति वित्तीय व्यवस्थामा खर्च भएको छ। चालु खर्च ६८ प्रतिशतको हाराहारी रहेको छ। पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्चहरू समग्रमा हेर्दाखेरि तीनै तहको सरकारको बजेटलाई एकै ठाउँमा राखेर हेर्‍यो भने पूँजीगत खर्च वित्त व्यवस्थापन भन्दा केही बढी नै देखिन्छ। समस्या संघीय सरकारको खर्चमा हो। गत दुई आर्थिक वर्षको वित्तीय हस्तान्तरण हेर्‍यौं भने घट्दै गएको छ। पूँजीगत खर्च गर्न सक्ने क्षमता संघीय सरकारमा भन्दा प्रदेश र स्थानीय तहमा राम्रो देखिन्छ। तर, संघीय सरकारले दिने वित्तीय हस्तान्तरण घट्दै गएको स्थितिले गर्दा वित्त परिचालन बढी पेचिलो बन्दै गएको छ। पूँजीगत खर्चमा सुधार गर्न वित्तीय हस्तान्तरणबाट जाने रकममा कमी गर्नुहुँदैन। स्थानीय र प्रदेश सरकारले गर्न सक्ने जति क्षमता छ त्यसलाई पूरा गरिदिनुपर्दछ। कटौती गर्नेतिर जानुहुँदैन किनभने कटौतीले राम्रो परिणाम दिँदैन। हाम्रो बजेट प्रणालीका मूलभूत समस्या हाम्रा प्रक्रियागत कमजोरीहरू पनि छन्। कुनै पनि नयाँ सालको बजेट निर्माण गर्दा हामी पुरानो बजेटको समीक्षा गर्दैनौं। शून्यबाट शुरू गर्छौं। कार्यक्रमहरू बढ्छन्। कार्यक्रमहरू राखेपछि साधन र स्रोतहरूबारे हेर्छौं। त्यो खर्च कहाँबाट जुटाउने भनेर अन्तिममा बजेट टुंग्याइन्छ। हाम्रा खर्चहरू कत्तिका उत्पादनशील भए त्यसको समीक्षा नगरिकन एउटै ढर्रामा हामीले बजेट बनाइराख्यौं भने ती समस्याहरू दोहोरिरहन्छन् । र, यो प्रवृत्ति हामीकहाँ रहिरहेको छ। अहिले जुन ढंगले बजेट बनाइरहेका छौं, त्यसमा बजेटको प्रणालीमा हामीले केही सुधार गर्नुपर्ने देखिन्छ। लक्ष्य भेट्ने सम्भावना नभए पनि अघिल्लो वर्षभन्दा ठूलो आकारको बजेट बनाउने मनोविज्ञानले काम गरिरहेको छ । पोहोरकै साढे १८ खर्बको बजेट खर्च गर्न नसकेको अवस्थामा छ । १५-१६ खर्बको हाराहारीमा बजेट खर्च हुने स्थितिमा झन्डै २० खर्बको बजेट बनाइराखेका छौं। खर्च गर्ने क्षमता नभएको बुझेरै पनि बजेटको आकार बढाइएको छ। बजेटमा वास्तविकतामा आधारित नहुँदा वित्तीय अनुशासनहीनताको जन्म हुन्छ। विगतमा कांग्रेसले ल्याएको बजेटको जस लिन पार्टीले सकिरहेको छैन। २००८ सालमा सुवर्णशमशेरले प्रस्तुत गरेको बजेटमा एउटा बजेटरी कोषको व्यवस्था थियो। पछिल्लो समय छुट्याएको बजेटबाट खर्च पुगेन भने रकमान्तर गरेर खर्च गर्ने प्रवृत्ति मौलाएको छ। कुल बजेटको १२ प्रतिशतभन्दा बढी रकमान्तर गरेर एउटा शीर्षकबाट अर्को शीर्षकमा सारेर खर्च गर्ने प्रवृत्ति बढेर गएको छ। यसले अनुशासनहीनतालाई बढाउँछ। त्यो गर्नुभन्दा २००८ सालको बजेटमा गरिएको जस्तै बजेटरी कोषको व्यवस्था गर्ने र नपुगेको खर्च त्यहाँबाट पूर्ति गर्ने विधि उचित हुन्थ्यो।२०४८ सालमा जब आर्थिक उदारीकरण शुरू भयोह कांग्रेसको सरकारले बृहत्तर क्षेत्रमा औद्योगिक नीति लियो। श्रम नीतिहरू आए, श्रम बजारमा धेरै सुधारहरू गरियो। हाम्रो मुद्र 'कन्भर्टिबिलिटी'मा लगियो। त्यसपछि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन आयो। त्यसको जगमा नै अहिलेको आर्थिक गतिविधिहरू चलिरहेका छन्। अब दोस्रो चरणको आर्थिक सुधारका कार्यक्रमहरू अगाडि लिएर जानुपर्छ। विकास बजेटको ७० प्रतिशत गाउँमा जाने परिपाटी महेश आचार्यले बजेट वक्तव्यबाट शुरू भएको हो । त्यसका नामहरू परिवर्तन भए, आफ्नो गाउँ आफैं बनाऊँ कार्यक्रम आए । गाउँमा जाने साधन र स्रोत कटौती भएनन्। नामहरू परिवर्तन भएर बजेट ग्रामीण क्षेत्रमा जान्थ्यो, त्यो कायमै रहेको छ । ग्रामीण अर्थतन्त्रको विकासमा साना र घरेलु उद्योग, ग्रामीण विद्युतीकरण, खानेपानी र कृषि सडकलाई एउटा प्याकेज प्रोग्रामको रूपमा विकास बजेटहरू जानुपर्छ। कृषि क्षेत्रमा अनेकौं झन्झटिला प्रावधान छन्। डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा कृषि अनुदानलाई उत्पादनसँग जोड्नुपर्छ भन्ने नीति लिइएको थियो । अहिले त्यो हराएको छ । यसलाई अघि बढाउँदै जानुपर्दछ । विभिन्न प्रकारका कृषि अनुदानहरूलाई एकत्रित गर्ने र त्यसलाई उत्पादनसँग जोडिने कुराको सुरुवात हुनुपर्छ। कर नीतिहरू परिवर्तन गर्नुपर्दछ हाम्रा कर नीतिमा सुधार गर्नु जरूरी छ । केही करहरूको सन्दर्भमा केही निश्चित किसिमका सुधारहरू तत्काल गरिरहनुपर्ने स्थिति छ। आयकरका विवाद छन्। जस्तो सेयर कारोबारमा कर कसरी लगाउने ? सेयर लगानीबाट सरकारले कसरी राजस्व लिने तय गर्नुपर्छ। सरकारले सेयर बजारमा नाफामा कर लिइरहेको छ, तर घाटालाई समायोजन गर्न नपाउने स्थिति छ। त्यो अन्त्य भएर समग्रमा कर लिनुपर्छ। आयकरको सामान्य स्ल्याबहरू छन्, त्यसैको आधारमा पूँजीबजारबाट कर संकलन गर्नुपर्छ । बोनस सेयरको आम्दानीमा पनि त्यही समस्या छ । लाभांशमा कम्पनीले कर तिरिसकेको हुन्छ, पछि फेरि व्यक्तिले कर तिर्दा दोहोरो कर लागेको छ । यसलाई कसरी अन्तर्राष्ट्रिय असल अभ्यासहरू के छन्, यसको रिभ्यु गर्नुपर्छ । स्वास्थ्य र वातावरणलाई हानि पुऱ्याउने गतिविधिलाई मात्रै अन्त:शुल्कको दायरामा राख्नुपर्छ । अन्यबाट अन्त:शुल्क हटाउँदै लैजानुपर्छ । जहाँ कर संकलन हुने सम्भावना छ, हामीले त्यहाँ अन्त:शुल्क पनि लगाएका छौं। तर, अन्त:शुल्कको सिद्धान्त अनुसार जथाभावी अन्त:शुल्क लगाउन मिल्दैन। मूल्य अभिवृद्धि कर लगाउन नसकिनेलाई पनि अन्त:शुल्क लगाउन सकिन्छ। हामीले विश्व व्यापार संगठनको सदस्यता लिइसकेका छौं। साफ्टा, बिमस्टेकको सदस्यता लिइसकेपछि करका दरहरू बिस्तारै घटाउँदै लैजानुपर्ने बाध्यता छ। त्यसले गर्दा भन्सार करबाट राजस्व बढाउने भन्ने उद्देश्य राख्ने होइन । त्यसलाई सरलीकरण गर्ने हो, चुहावटलाई रोक्ने हो । हार्मोनाइज्ड कोड उल्लेख नगर्ने, वस्तुको परिणाम फरक पार्ने, वस्तुको गुणस्तर फरक पारेर न्यून बिजकीकरण गर्ने, यस्ता कामहरूलाई कन्ट्रोल गर्नुपर्छ। भन्सारको दर बढी भएका कारणले न्यून बिजकीकरण, बिलिङ नै कम गरेकाले त्यस्तो दर घटाउनुपर्छ । भन्सारमा कर कटौती गर्ने होइन, लिने हो। करको दायरा भित्र ल्याउने हो। विलासिता शुल्क लिनुभन्दा सबैलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउनुपर्छ । अहिले सुनचाँदी व्यवसायीहरूले आन्दोलन गरिरहेका छन्। त्यसलाई मूल्य अभिवृद्धि करभित्रै राखिदिएको भए कुनै आन्दोलन गर्नुपर्ने बाध्यता थिएन । सबैलाई कर लागेको छ, तपाईंहरूको व्यवसाय पनि करमा आउनुपर्छ भनेको भए हुनेथियो। करको दायरामा ल्याउन नसकेका साना व्यवसायी, जसको एकाउन्टिङको सिस्टम पनि छैन, सरकारले त्यसको लागि धेरै ठूलो प्रशासनिक समय, झमेलाहरू खर्च गर्न सक्दैन, तिनलाई भ्याटको दायरा बाहिरै व्यवसाय गर्न दिने हो। त्यस हिसाबले गर्दा न्यूनतम थ्रेसहोल्डमा कर नलिने र त्यसमाथि लिने गरिएको हो। मूल्य अभिवृद्धि करलाई दुई तहमा लगाउनुपर्ने व्यवसायीको माग छ। त्यसमा सरकारले चासो दिएको छ, सुरुआत भएको भने छैन । यसमा केही कामहरू गर्नु आवश्यक छ । शून्य दर लागेका व्यापारलाई कर फिर्ता र अनुदानको व्यवस्था गर्नुपर्छ। अन्त:शुल्कमा पनि त्यो सन्दर्भ लागू हुन्छ । जलवायु वित्तमा पहुँच बढाउन सकेका छैनौं । पहुँच बढाएर हरित जलवायु वित्त कोषबाट सहायता लिनुपर्छ । जलवायु परिवर्तनको जोखिम बेहोर्ने मुलुकमा नेपाल नवौं ठूलो राष्ट्र हो । त्यसकारण हरित जलवायु वित्तबाट सहयोगमा पनि हाम्रो अधिकार छ । तर, हाम्रो लिन सक्ने क्षमता छैन । त्यो अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय विभाग र त्यस अन्तर्गत जलवायु वित्त विभागको क्षमता अभिवृद्धि गर्नुपर्ने र पहुँच बढाउनुपर्ने स्थिति छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : नँया अवसर जुराउनेछ। योजना बनाएर कार्य गर्नुहोस् सफलता मिल्नेछ।
**वृष** : परिवारमा झै झगडाको सम्भावना रहेको छ। बोलिको विपरी अर्थ लाग्नेछ।
**मिथुन** : अधिकारी वर्गहरूबाट प्रशंसा पाइनेछ। साहसिक कार्य गर्ने समय रहेको छ।
**कर्कट** : प्रतिस्पर्धामा विजयी भइनेछ। नयाँ नोकरीको खोज पुरा हुनेछ।
**सिंह** : आफूलाई समाजमा चिनाउन सक्नुहुनेछ। विद्यार्थीहरूको अध्ययन अध्यापनमा मन लाग्नेछ।
**कन्या** : कार्यलाई दोहोर्याएर गर्नुपर्ला। स्वास्थ्यप्रति सचेत रहनुहोस्।
**तुला** : पराक्रममा वृद्धि हुनेछ। नयाँ कार्य प्रारम्भ गर्नको लागि उचित समय रहेको छ।
**वृश्चिक** : कार्यहरूमा अल्झिँदा काममा पछि परिएला । व्यापारमा सामान्य लाभ रहनेछ।
**धनु** : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।
**मकर** : वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। अवसर मिल्नाले मन प्रफुल्लित हुनेछ।
**कुम्भ** : रोकिएका कार्यहरू सम्पादन हुनेछन्। इष्टमित्रहरुबाट सहयोग प्राप्त हुनेछ।
**मीन** : पिताद्वारा सहयोग मिल्नेछ। नयाँ कार्य प्रारम्भ गर्नको लागि उचित समय रहेको छ।

# साहित्य दर्पण

निबन्ध — होम सुवेदी


## गमलामा रोपिएको पिपलको बिरुवा

मेरा घरका गमलामा केही थरिका फूल फुलेका छन् र केही नयाँ बिरुवाहरू रोपिएका पनि छन् । गमलामा फूल रोप्ने मेरो सोख छैन । त्यसले मेरो दरिद्र जीवनमा कुनै फाइदा पुऱ्याउँदैन र त्यसलाई चाकर गरेर मलाई कुनै लाभ छैन भन्ने मेरो आफ्नो मान्यता छ । यस्ता फूलहरू फुलाउनु र यसमा खर्च गर्नुमा मेरो सोख उति नभए पनि यस्ता बिरुवा रोप्ने र हुर्काउने सौख मेरी सहधर्मिणीमा उहिल्यैदेखि आएको देखेको छु । मलाई भने यो कहिल्यै आएन । नआए पनि उसले रोपेका बिरुवा र फूलहरूमा म बाध्य हुन्छु, पानी हाल्न । म गन्गनाउँछु–"यी रोपिएका बिरुवाहरूबाट फूल नभई डलर फुल्ने भए म यिनैको सेवामा आफूलाई अर्पण गर्ने थिएँ !" उनी तिलमिलाउँछिन् । म उनको तिलमिलाइबाट आनन्दित हुने गरेको छु । यसरी गमलामा रोपिएका बिरुवाहरू कति हुर्किएका छन्, कति हुर्कँदैछन् र कति हुर्कने सुरमा छन् । कति फुलेका छन्, कति फूल्दै छन् र कति मौसम अनुसार फुल्दछन् । मेरी धर्मपत्नीबाट पूजा गर्न र शनिको दोष मेटाउनका लागि भनेर कताबाट हो निकै पहिले नै ल्याएर एउटा गमलामा पिपलको बिरुवा पनि रोपिएको छ । मलाई पनि शनिको दशा लागेको छ । शनिबार पारेर कहिले कहिले त्यसमा म पानी चढाउँछु । आत्मिक शान्ति पनि मिल्छ । मेरी धर्मपत्नी भने त्यसलाई नित्य पानी चढाएर आत्मतृप्तिको र आत्मिक शान्तिको अनुभव गर्दछिन् । त्यसमा मैले पनि नित्य पानी चढाउनुपर्ने उनको सल्लाह छ । उनैका लागि र मेरै लागि पनि कहिलेकाहीं म त्यस पिपलमा पानी चढाएर प्रार्थना गर्दछु । नगरेर के गर्नु ? हिन्दू धर्मी परें ! खुला छातीले नभए पनि अनिकति विश्वास त गर्नै पऱ्यो । कताबाट हो कुन्नि पिप्पलको त्यही गमलामा एउटा कदमको बिरुवा अचानक आफैँ उम्रिएको थियो । छिमेकी र मेरो बारीमा सीमानामा पर्ने गरी लगेर त्यसलाई मैले आफैँ रोपिदिएको थिएँ । म झल्झली सम्झन्छु– त्यस गमलाबाट उखेलेर बारीका डिलमा लगेर रोपिएको कदमको त्यो बिरुवा दश वर्षको भएछ । तर दश वर्षमा नै रोपिएको बिरुवा यति ठूलो हुन सक्छ के त ? म दङ्गदास परेको छु । त्यो कदमको बिरुवा अब बडेमानको रुख भइसकेको छ । त्यसमा कहिल्यै पानी हाल्नु परेन, त्यसलाई कहिल्यै मल हाल्नु परेन, त्यसमा कहिल्यै पूजा गरिएन तर त्यो आज अजङ्को रुख भएको छ । वर्षवर्ष दिनमा त्यसका हाँगा छाँस्नु पर्छ । नछाँसे त्यसले सारा बारीलाई सेप पारेर उब्जाउका लागि असर पार्दछ । मेरो बारीलाई असर पारे ता केही थिएन छिमेकीका बारीलाई समेत असर पार्दछ । यसैले यसका हाँगा नछासी धरै पाइँदैन । यसबाहेक त्यस रुखमा चढेर हाँगा नछास्ने हो भने अरु समस्या पनि पार्छ । हिउँदमा घाम ताप्न पनि छाया पार्दछ । अर्को साल त्यसलाई ढालेर चिरान गरी फर्निचर बनाउनु पर्ने बारेमा विचार गर्दैछु । कदम उम्रिएको जन्मथलोसँगैको गमलामा रोपेको लगभग जुम्ल्याहा जस्तो पिपलको बिरुवा भने झन्झन् ढिँगुरिँदै छ । सँगैको जुम्ल्याहाका रूपमा उम्रिएको यो कदम आज रुख भयो, अजङ्गो, यामानको । तर यो पिपल भने बिरुवाको बिरुवै छ । पोथ्रो र बुथुरोसम्म पनि हुन पाएको छैन । यी दुईको तुलना गर्दा मलाई नेपाल र भारत जस्तो लाग्दछ । एकै समयमा प्रजातन्त्र आएका भारतले विश्वमा अजङ्को रूप लिइसक्यो तर नेपाल भने यही पिपलको बिरुवा जस्तो सधैं ठिंगुरिएको छ ठिंगुरिएको छ । यसको विकास किन तलतिर मात्र भएको छ ? किन यो देश मेरो गमलाको पिपलजस्तो भयो ? कारण के हो ? यो पिपललाई अरु दिन नभए पनि शनिवारको दिन पारेर अझ पनि पानी हालिँदैछ, पूजा गरिँदैछ, स्याहार सुसार गरिँदैछ, तर पनि यसको वृद्धि भने क्रमिक रूपमा तलतिर गइरहेको छ । गमलामा रोपिएको यो पिपल किन ठिंगुरिन्छ भन्ने कुरामा सबैलाई थाहा छ । मलाई यसबारे बखान्नु छैन । नेपाल पनि किन तलतिर झरिरहेको छ ? यसबारे पनि सबैलाई थाहा छँदैछ, मलाई यसमा पनि केही बखान्नु छैन । यस पिपलका जरा वर्ष वर्ष दिनमा गमलाको पिँधमा निस्कन्छन् । जरालाई बढ्नबाट रोक्नका लागि काटिन्छ । यसैले उसको वृद्धि भएको छैन । नेपालका जरा कसरी काटिँदैछन् यो पनि सार्वजनिक यथार्थ हो । यसबारे पनि बखान्नुपरेको छैन । यो सार्वजनिक तथ्य नै हो । कसैको उन्नति हुन लाग्यो भने जरा काटिने परम्परा हाम्रोमा पुरानो बेलादेखिको हो । नेपालका जरा पनि उन्नति हुनबाट काटिँदै गरेका छन्, अब त यसका हाँगाबिँगा पनि छासिन लागेका छन् । पिपलबाट मलाई त्यही ज्ञान हुन्छ । उन्नति र उत्थानका लागि मानिसले मानिसका जरा पनि छिनाउने गर्दछन् र उन्नति हुन लागेका मान्छेको गति पनि यही पिपलको नियति जस्तो हुन्छ । उसको आर्थिक र सामाजिक अवस्था यही पिपलको जस्तो हुन्छ । ठिंगुरिन्छ र क्रमश: आफ्नो गतिबाट वञ्चित हुँदै जहींको तहीं खुम्चिएर बस्नु पर्ने स्थिति बेहोर्छ । आज मेरा देशले पनि त्यही दशा बेहोरेको छ । यसका पनि हातपाउ छासिएका छन्, यसका जरा काटिएका छन्, यसको शरीर क्षतविक्षत पार्ने उपक्रम शुरु भएको छ, यसलाई तराई, पहाड, मधेश, भावर, उपत्यका, हिमाल आदिका हाँगाबिंगाहरू छासिन थालेका छन्, बाँडिन थालेका छन् । बिलोबिलो गरेर बाँडिने उपक्रम थालिएको छ । चोक्टाचोक्टाहरू बाँडेर बिलो लगाउने काम शुरु भएको छ । अनि मेरो गमलामा रोपिएको पिपलका साथ यस देशको तुलना हुन सक्ने स्थिति उब्जन गएको छ । मेरो देश पनि पिपलझैँ कठ्याङ्गिएर सधैँ ठिगुरिएको छ । सँगैका स्वतन्त्र भएका मुलुकहरू कदमझैँ मौलाएर अर्काका लागि सेप लगाउने भइसकेका छन् । सँगै विकासको गति बढाएका मुलुकहरू कदमझैँ हौसिएर आफ्नो सीमाभन्दा परसम्म हाँगा फैलाउन सक्ने भएका छन् । मेरो देश भने आफैँमा ठिंगुरिएको छ । यसलाई फैलन कहिले सत्र सालका करौँतीले हाँगा काटियो, यसलाई मौलाउन कहिले छयालिस सालका खुकुरीले जरा तिखारियो । यसका पातलाई लहलहाउन कहिले सङ्कटकालका कैँचीले छासियो, यसलाई झाँगिन कहिले 'युद्ध जारी छ' का बञ्चराले ठुँगियो । मुडुलो पारियो कहिले यसलाई संविधान सभा नामका धारिला खुर्पाले । गमलाको पिपलको बुथुरो र त्यसैमा उम्रिएको कदमको रुखबाट म आफ्नो इतिहास पनि झल्झली सम्झन्छु । मसँगैको साथी थियो जसको नाम लिनु पनि मलाई आफैँ ठिंगुरिनु जस्तो हुन सक्छ । उसको नाम नलिऊँ । ऊ सानैदेखि अलग किसिमको थियो । हामी एकै गमलामा उम्रिएका पिपल र कदम जस्ता थियौं । हामी छिमेकी थियौं । सँगै पढ्यौं । सँगै बढ्यौं । सँगै खेल्यौं र सँगै जागिरे भयौं । ऊ अर्थमन्त्रालयमा पर्यो म त्रिभुवन विश्वविद्यालयमा परें । ऊ आजसम्म कदमको रुख जस्तो मात्र होइन, चौतारामा फैलिएको वरको रुखझैँ चारैतिर फैलिएको छ । बरका रुखले जमीनमा जरा गाडेझैँ उसले देशका विभिन्न ठाउँमा जरा गाडेको छ । काठमाडौंमा भव्य भवनहरूका रूपमा उसका जरा गडिएका छन् । भव्य महलहरू बनाएर बर फैँलदाझैँ फैलिएको छ, करोडौंको भ्रष्टाचार रूपी फल उसको महलमा पाकेर बारै मास लदाबदी छन् । भक्तपुरका ज्यापूले मल हालेर हौस्याएको रायाको झांगजस्तो उसको हौस्याइ छ । ऊ निरन्तर। झ्याङ्गिएको छ र अरबौंको बजेटको बख्खू ओढेर बाटोभरि हिँड्छ । करौडौंको खेलो फड्को गर्नु उसको चरित्रको विशेषता हो । बरका रुखमा फल पाकेको बेला अनेक थरिका चराचुरुङ्गीहरू बसेर त्यसको फल मनलागी खान्छन् । तर यो बरको रुखमा कुनै चरोले चाख्न पनि पाउँदैन । उसलाई भ्रष्टाचार र अख्तियार पनि लागेको थियो । त्यो बेला मात्र यसले चराचुरुङ्गीहरूलाई फल चाख्न दिएको थियो र आफू महान् उपकारीको रूपमा देखापरेको थियो । उसका घरभित्र पस्न पनि मलाई आफू अयोग्य जस्तो अनुभव गर्छु । बैंकमा अकूत सम्पत्तिको कुम्लो राखेको छ । पैसाका थाकमा पाकेको छ । छोराछोरीलाई युरोपका धनी मुलुकमा आफ्नै खर्चमा पढाउँछ । शेयर वजारको भाउ तलमाथि पारेर आफैँ मनचिन्ते गरी बढाउँछ । तर म भने गमलाको ठिंगुरिएको पिपल न भएँ । सधैँ उस्ताको उस्तै र अझै तलतिर भासिएको छु, धसिएको छु । घरमा पुत्रपुत्री र पत्नीहरूले सधैँ उसको उदाहरण दिन्छन् । उनीहरूको चित्त बुझाउन म आफू भन्दा तलतिर हेर्ने आदर्श वाक्य भनिदिन्छु । उनीहरू पनि ठिंगुरिन्छन् । म सानैदेखि यो कदमको बोटजस्तो हुन खोज्थेँ । फैलन र मौलाउन खोज्थें । तर मलाई मेरै परिवेशले र मेरै विवशताले फैलने अवसर दिएन । त्यसैले मैले गमलामा आफ्नै अभावका अप्ठेरो र पिरका गमलामा ठिंगुरिनु परेको छ जसरी मेरा गमलाको पिपल ठिंगुरएको छ । म आफैँलाई तुलना गर्दै सम्झन्छु– म पनि कुनै बोन्साइ गरेको मानिस हुँ । मेरै गमलाको पिपलझैँ । मेरा इच्छाहरू पनि यही पिपलको जरा काटिएझैँ काटिने गरेका छन् । मेरा भावनाहरू पनि यही पिपल झैँ ठिंगुरएका छन् । मेरो बाध्यताहरूले मलाई गमलाको बुटो झैँ कक्रक्याएका छन् । मलाई कतै पनि आफूले चाहेको जस्तो गरी फैलने अवसर परेको छैन । सँगैको साथीसँगातीहरूको फैलावटका उदाहरणहरू देखेर मलाई भने हीनताको रोगले कक्रक्याएको छ, जकड्याएको छ । अब खुम्चिएर चित्त पनि बुझाउन थालेको छु । आखिर मान्छेहरू पनि सबै कदमको रुख जस्ता हुन सक्ता रहेनछन् । कसैले पिपलको बुथुरो जस्तो कक्रकिनु पर्दोरहेछ, अवसर पाएभने कोहीकोही कदमकै रुखझैँ फैलने रहेछन् । मैले अवसर पाइन त्यसैले पिपलझैँ अररिएको छु, कक्रकिएको छु । अब यसै कक्रक्याइसँग सम्झौता गरेर आनन्दमग्न हुने विचारमा छु ।

*–समकालीन साहित्य डटकम*

छोटो कथा — स्मारिका सुवेदी

## पात्रको खोजी



खोलाको डीलमा उभिएर उही धुन गुनगुनाइरहेकी उसले अचानक हाम फाली । म ब्यूँझिएँ । पटक पटक एउटै मानिसलाई सपनामा देखेपछि मलाई लाग्यो यस पटक पात्रको खोजीमा ननिस्केकी मलाई खोज्दै पात्र कथा बोकेर आएकी छ । अनि डायरी सिरानीमै राख्न थालें । ऊ बेलाबेलामा देखिइरहन्थी । म आँखा खुल्लासाथ मुख पनि नधोई उसलाई लेख्न थाल्थे । ऊ रहस्यमय लाग्थी । तर उठ्ने बित्तिकै म धेरै कुरा बिर्सन्थें । उसको अनुहार मैले देखेकी थिइनँ या याद नभएको हो भन्न सक्दिनँ । केवल छोटो कपाल र खिरिला, लामा औंलाहरू सम्झन्छु उसलाई याद गर्न खोज्दा । नत्र उसको कोठा, बार्दलीबाट देखिने परिवेश, आसपासको बाटो सब परिचित नै हुन्छन् । मोबाइलको आवाजले सपना नबिथोलेको भए कथावस्तु मिल्दो हो । मैले अलार्म बन्द गरिदिएर डायरीमा कलम डुलाएँ । पूर्ण चन्द्रमा चम्किरहेको थियो । शीतल हावामा विशाल रुखका कलिला पातहरू मन्त्रमुग्ध भई नाचिरहेथे । मैले उसको त्यो छोटो कपाल झुमिरहेको देखें । उसका सामुन्ने उही अग्लो धमिलो आकृति उभिएको थियो । म बिस्तारै नजिकिँदै गएँ । आकृति स्पष्ट हुँदै गयो । परिचित मुहार जो पूर्णतः उसका आँखामा हराएको थियो । त्यो हेराइ, आँखामा त्यो चमक साह्रै नौलो पो थियो । मेरा हातगोडा लुला भए ।

बार्दलीमा बसेर ऊ गुनगुनाइ रहिछ । म ढोकापछाडि छेलिएर उसलाई हेरिरहन्छु । त्यो धुन परिचित लाग्छ । सम्झन खोज्छुह हो त ! अस्ति उसैले गुनगुनाएको सुनेकी । पूरै गीत सुनेकी थिएँ त यसरी नै लुकेर । उसको स्वरमा मुग्ध मेरो मस्तिष्कलाई अर्को चर्को धुनले खलबल्याउँछ । म चनाखो भएर यताउता हेर्छु । तर ऊ पर्वाह गर्दिन । लाग्छ त्यो आवाज केवल म मात्र सुन्न सक्छु । कस्तो चर्को आवाजह म आत्तिन्छु । कान थुन्न हात लागिपर्छन् । म ब्यूँझन्छु । मोबाइल बाझिरहेको थियो, बन्द गरें । सिरानी मुनिको डायरी निकालेर पल्टाउन थालें । ऊ बसेको कुर्सी भित्तातिर फर्किएको थियो । उसका पातला औंलाहरू बीच कलम नाचिरहेको थियो । घरी केही सोचे झैं त घरी केही लेखे झैं मान्थे । अनि ऊ गुनगुनाउन थाली । कस्तो अचम्मै राम्रो धुन । म झ्यालबाट उसलाई चियाइरहेछु । ऊ अचानक रोकिई । पछाडि फर्कन लागेपछि म लुक्ने प्रयास गर्छु । मेरो खुट्टाले लाग्दा गमला पल्टन्छ र खाँबोमा ठोकिएर म पछारिन्छु । अनि निद्रा खुल्यो । ऊ चाल मारेर आफ्नो कोठाबाट बाहिरिई । म उसलाई पछ्याउँछु । कस्तो अँध्यारो रात ! सिमसिम पानी परिरहेको थियो । ऊ घरीघरी यताउता हेर्थी, मेरो उपस्थितिको आभास भए झैं । म छेलिन्थें रूखपछाडि, बिजुलीको खम्बानेर । केही पर खोलाछेउमा पुगेर रोकिई । खोलाको तीरमा बसेकी उसले व्यग्र भई कसैको प्रतीक्षा गरे जस्तो लाग्थ्यो । टाढाबाट एउटा अस्पष्ट आकृति नजिकिँदै थियो । मैले त्यस आकृतिको अनुहार ठम्याउने प्रयास गरें । प्रकाश प्रशस्त कहाँ थियो र ? बल्ल याद आयो, मैले त उसको अनुहार पनि देखेकी छैन । हो त, म ऊतर्फ फर्कन्छु । खोलाको डीलमा उभिएर उही धुन गुनगुनाइरहेकी उसले अचानक हाम फाली । म ब्यूँझिएँ । पटक पटक एउटै मानिसलाई सपनामा देखेपछि मलाई लाग्यो यस पटक पात्रको खोजीमा ननिस्केकी मलाई खोज्दै पात्र कथा बोकेर आएकी छ । अनि डायरी सिरानीमै राख्न थालें । ऊ बेलाबेलामा देखिइरहन्थी । म आँखा खुल्नासाथ मुख पनि नधोई उसलाई लेख्न थाल्थे । ऊ रहस्यमय लाग्थी । तर उठ्ने बित्तिकै म धेरै कुरा बिर्सन्थें । उसको अनुहार मैले देखेकी थिइनँ या याद नभएको हो भन्न सक्दिनँ । केवल छोटो कपाल र खिरिला, लामा औंलाहरू सम्झन्छु उसलाई याद गर्न खोज्दा । नत्र उसको कोठा, बार्दलीबाट देखिने परिवेश, आसपासको बाटो सब परिचित नै हुन्छन् । मोबाइलको आवाजले सपना नबिथोलेको भए कथावस्तु मिल्दो हो । मैले अलार्म बन्द गरिदिएर डायरीमा कलम डुलाएँ । पूर्ण चन्द्रमा चम्किरहेको थियो । शीतल हावामा विशाल रूखका कलिला पातहरू मन्त्रमुग्ध भई नाचिरहेथे । मैले उसको त्यो छोटो कपाल झुमिरहेको देखें । उसका सामुन्ने उही अग्लो धमिलो आकृति उभिएको थियो । म बिस्तारै नजिकिँदै गएँ । आकृति स्पष्ट हुँदै गयो । परिचित मुहार जो पूर्णत: उसका आँखामा हराएको थियो । त्यो हेराइ, आँखामा त्यो चमक साह्रै नौलो पो थियो । मेरा हातगोडा लुला भए । पराजय, हीनताबोध, ईर्ष्या र आवेग एकसाथ मलाई भेट्न आएको हुनुपर्छ । एकसाथ सारा भाव आँसु बनेर बाहिरिन थाले । उसको दाहिने पाखुरामा मेरा नजर अडिए । त्यो कोठी मैले कहीं देखेको हुनुपर्छ । हो त, तर कहाँ ? तब उत्सुकताले सीमा नाघिसकेको थियो । मैले बोलाएँ, "सुन्नुस् त !" उन्मुक्त हाँसोमा सिँगारिएकी ऊ फरक्क पछाडि फर्किई । मेरा आँखा तिर्मिराए । म आफैंलाई हेरिरहेकी थिएँ । निद्रा खुल्यो । सिरानी अलिकति चिसो भएको थियो । घडीले ९ बजाएको रहेछ । हिजो अलार्म बन्द गरेको बल्ल याद आयो । हतार हतार तयार भएर अफिसतिर लागें । सधैं झैं आज पनि ऊ देखिई । सदा झैं मैले उसलाई हेरिरहें । आज उसले नि मलाई हेरी । म मुस्कुराएँ । सधैं झैं उसले आज पनि मलाई देखेन । उसको अनियोजित दृष्टिले मलाई गन्तव्य तुल्याउन सकेनन् सधैं झैं । मैले अचम्म मान्नु पर्ने केही देखिनँ । तर मेरा आँखामा सपनाको उसको दृश्य नाचिरह्यो । मन लजाउँदा मस्तिष्कले खिस्सी उडायो । बेलुका घर पुग्नासाथ सिरानीमुनीको डायरी निकालें । चौथो पानामा भएको कविता हेरें । सपनाको धुन प्रष्ट याद भयो । उही लयमा पढिहेरें । हो त, यही त ऊ गुनगुनाइ रहन्थी । मेरै रचना ! म आफ्नै पिछा गरिरहेथें यत्तिका दिन ? केही बेर घोरिएपछि आफैं माथि हाँसो उठ्यो । आखिर यस पटक पनि पात्रको खोजी अधुरै रह्यो । मैले डायरी पुराना किताबका चाङमा सबैभन्दा मुनि राखेंह झिक्न जाँगर नलाग्ने गरी ।

*–साहित्यपोस्ट डटकम*

# आज विश्व रक्तदाता दिवस मनाइँदै




**पाल्पा,** जेठ ३०/आज विश्व रक्तदाता दिवस नेपालमा पनि रक्तदान लगायतका बिभिन्न कार्यक्रम गरी मनाइदैछ । रक्तदानको महत्वबारे जनचेतना फैलाउन र मानव जीवन बचाउने रक्तदाताहरुको योगदानप्रति कृतज्ञता व्यक्त गर्न हरेक बर्ष जून १४ का दिन यो दिवस मनाउन थालिएको हो ।

मानव रगत समूह (ब्लड ग्रुप) पत्ता लगाउने वैज्ञानिक कार्ल ल्याण्डस्टिनरको जन्मदिनको अवसरमा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । दिवसलाई नयाँ रक्तदाताका रुपमा युवाहरुलाई उत्प्रेरित गर्ने र नियमित रक्तदाताहरुलाई सम्मान गर्ने अवसरको रुपमा समेत लिने गरिएको छ । रगत शरिरमा रहेको रातो तरल पदार्थ हो । यो प्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको हुन्छ । यसले शरीरका कोषहरुमा ग्लुकोज, एमिनो एसिड लगायतका पोषक तत्वहरु सँगै अक्सिजन लगायतका आवश्यक पदार्थहरु पुर्याउने काम गर्दछ । यसले कार्वन डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता काम नलाग्ने तत्वहरुलाई बाहिर निश्कासन गर्ने समेत सहयोग गर्दछ । मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ । मानिसको कुल वजनको ७ प्रतिशत रगत हुन्छ । रगतमा प्लाज्मा ५४ दशमलव ३ प्रतिशत, रातो रक्तकोष ४५ प्रतिशत र सेतो रक्तकोष ० दशमलव ७ प्रतिशत रहेको हुन्छ । मानिस जिवित रहनका लागि रगत नभइ नहुने पदार्थका रुपमा रहेको हुन्छ । सामान्य अवस्थाको एक स्वस्थ मानिसले हरेक तीन महिनामा रक्तदान गर्दा शारिरमा कुनै हानी नोक्सान नहुने चिकित्सकहरुको भनाई छ । सामान्यतया १८ देखि ६५ बर्ष उमेरसम्मका स्वस्थ व्यक्तिको रगत बिरामीका लागि उपयोगि हुने उनीयरुको ठहर छ । रक्तदानबाट मृत्यूको मुखमा पुग्न लागेका विरामीहरुको ज्यान बचाउन मद्दत पुग्दछ । एकजनाले दिएको रगतबाट हाल तिनवटा पदार्थ बनाइ तीन जनाको ज्यान बचाउन सकिने भएकोले रक्तदानलाई 'जीवन दान' समेत भन्ने गरिन्छ ।

## होमस्टेबाट...

...होमस्टेमा पाहुनालाई स्वागत गर्ने तरीका, खानपानको व्यबस्थापन, सरसफाई, स्थानीय कृषि उत्पादनको खानपान, स्थानीयकला संस्कृति, भेषभुषाको प्रयोग गर्ने विषयमा प्रशिक्षकहरुले जानकारी गराएका थिए । होमस्टेमार्फत सिङ्गो गाउँ तथा वडाको विकाससँगै गाउँको सबै किसिमका उत्पादनहरु होमस्टेमार्फत नै विक्रि वितरण गर्ने तरिकाका बारेमा प्रशिक्षकले जानकारी गराएका थिए । होमस्टे सञ्चालन गर्नको लागि सरसफाई, आतिथ्यता, स्थानीय परिकार, बोली व्यबहार, सौन्दर्यकरण, सुत्ने विस्तरादेखी शौचालय अवस्था सम्मको व्यवस्था लगायतका विषयमा विशेष ध्यान पुऱ्याएमा होमस्टे पूर्णरुपमा सञ्चालन हुने प्रशिक्षकहरुले जोड दिए । पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशलले यहाँ वडा वडामा होमस्टे सञ्चालन गरी गाउँ-गाउँमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्उदै महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउनको लागि अभिमुखीकरण कार्यक्रम गरिएको जानकारी दिए । कार्यक्रममा पालिकाबाट ८० जना महिलाहरुको सहभागिता रहेको थियो । गाउँपालिकाका प्रवक्ता यादव अर्यालको अध्यक्षता, पाल्पा विकास केन्द्रका निवर्तमान अध्यक्ष कृष्ण पोखरेलको स्वागत र कार्यक्रम संयोजक किरण कौशलको सञ्चालनमा कार्यक्रम चलेको थियो ।

## दूध र मह...

...पाँच वर्षअघिसम्म चितवनमा जग्गा भाडामा लिएर माछापालन गर्दै आएका ३३ वर्षीय छोरा राजनलाई गाउँका अन्य युवा जस्तै विदेश हिँड्न मन लागेको छैन, बरु गाउँमै व्यावसायिक कृषक बन्ने सोच आएको छ । बुबाको परम्परागत कृषि र पशुपालनलाई व्यावसायिक बनाउने सोचका साथ काममा खटिएको उनको भनाइ छ । "हाल दैनिक ४० लिटर दूध बागलुङ बजारमा पठाउँदै आएका छौँ । छिस्ती पाडापाडी तथा भैँसीपालन फार्म स्थापना गरेर कृषि र पशुलापन गर्दै आएका छौँ । यसले पाडापाठीको संरक्षण र आम्दानी दुवै भइहेको छ, यसैमा खुसी छु", राजनले भने । हाल फार्ममा छ पाडी, एक पाडो र दुई गाईका बाच्छा हुर्कँदै गरेका छन् । यी सबै हुर्किए र उत्पादान सुरु भएमा थप व्यवसाय विकासमा योगदान पुग्ने उनको विश्वास छ । बाँदरको आतङ्कपछि स्थानीयले खेतमा बाली लगाउन छाडेका छन् ।

त्यसैले पौडेल बाउछोराले १० रोपनी जग्गामा व्यावसायिक बहुवर्षे घाँसखेती गरेका छन् । यसबाहेक वार्षिक डेढ क्विन्टल मह उत्पादन गरेर बिक्री गर्दा रु दुई लाखभन्दा बढी आम्दानी हुने गरेको राजनले जानकारी दिए । *-रासस*

## भाखा नाघेका ऋणीहरुमा कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०२/३१**

यस पाल्पा जिल्ला तानसेन नगरपालिका वडा न. ३ स्थित मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले लिनु भएको सांवा, व्याज र अन्य द-दस्तुर समेत यस संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरि नबुझाई सो सम्बन्धमा पटक-पटक फोन तथा पत्राचारमार्फत ताकेता गर्दा समेत चुक्ता गर्नतर्फ कुनै चासो नदेखाई वेवास्ता गरी बसेको हुँदा उक्त ऋणको सांवा, व्याज र अन्य रकम समेत संस्थालाई नतिरि नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नू भएकोले ऋणी सदस्यहरुको विवरण सहित ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पूर्ण सांवा, व्याज र अन्य दै-दस्तुर चुक्ता नगरेमा धितो सुरक्षण वापत रहेको चल अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ उपदफा १, सहकारी नियमावली २०७५ को नियम २५ तथा यस संस्थाको विनियम २६ नम्बर बमोजिम लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्होरा अवगत गराउदछौं ।

**तपशिल**

| नाम थर | ठेगाना | पति/ बुबाको नाम | बाजे /ससुराको नाम |
|---|---|---|---|
| अर्पणा श्रेष्ठ | तानसेन वडा न.३ | सुजन श्रेष्ठ | मोहन श्रेष्ठ |
| कमला देवि गैरे | मैनादी वडा न.९ | जयलाल गैरे | जोखनारायण |
| उदय राज भण्डारी | तानसेन न.पा.वडा न.११ | ईश्वरी प्रसाद भण्डारी | शिवलाल भण्डारी |
| धनश्याम भण्डारी | तानसेन न.पा. वडा न.११ | ईश्वरी प्रसाद भण्डारी | शिवलाल भण्डारी |
| मदन राज पाण्डे | चिर्तुङधारा न.पा.वडा न.९ | तोलाकान्त पाण्डे | टिकाराम पाण्डे |
| देविकला सुनार | रामपुर न.पा.वडा न.१५ | सन्दिप सुनार | राम सुनार |
| कुल बहादुर रावल | तानसेन न.पा.वडा न. १३ | नारायण बहादुर | विष्णु सिंह |

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-३, पाल्पा
सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७५-५२२५४५

खेलकुद समाचार

# अनिशाले तोडिन् कीर्तिमान



**काठमाडौं,** जेठ ३०/बागमती प्रदेशकी अनिशा थारुले १५ औं केन्द्रीय राष्ट्रपति रनिङ खेलकुदअन्तर्गत एथलेटिक्सको छात्रा ट्रिपलजम्पमा शुक्रबार नयाँ जुनियर राष्ट्रिय कीर्तिमान बनाएकी छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा अनिशाले ११.२७ मिटर जम्प गर्दै कीर्तिमानी स्वर्ण जितिन् । अनिशाले २०६४ सालमा केशरी चौधरीले बनाएको १०.८० मिटरको कीर्तिमान भंग गरेकी हुन् । लुम्बिनीकी पिन्जु चौधरी दोश्रो तथा कर्णालीकी सरिता शाही तेश्रो भए । शुक्रबार छात्रा ट्रिपलजम्पसहित छात्र/छात्राको ४ गुणा १ सय मिटर रिलेमा गरी ३ कीर्तिमान बने । छात्र ४ गुणा १ सय मिटर रिलेमा बागमतीका प्रवीण राना मगर, सन्त दराई, सुविन लामा र निरज शाहको बागमती टोलीले निर्धारित दूरी ४३.४ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण हात पारे । बागमती टोलीले २०८० सालमा सुजल, सुदीप थारु, तुल्सीराम चौधरी र रोहित गुप्ता सम्मिलित लुम्बिनी टोलीको ४४.०० सेकेन्डको कीर्तिमान तोडेका हुन् । गण्डकी दोश्रो र सुदूरपश्चिम तेश्रो बने । सो प्रतिस्पर्धाको छात्रामा बागमतीका दिना गोपाली, अनिशा थारु, भगवती खड्का र सुरुची मोक्तानले निर्धारित दूरी तय गर्न ५१.९ सेकेन्ड खर्चदै कीर्तिमान स्थापित गरे । लुम्बिनीका निशा चौधरी, रेसु थारु, रामकुमारी थारु र सम्झना थारुको नाममा ५४.२ सेकेन्डको कीर्तिमान थियो । लुम्बिनी टोलीले २०७९ सालमा उक्त कीर्तिमान बनाएका थिए । गण्डकी दोश्रो र सुदूरपश्चिम तेश्रो स्थानमा रहे । तीनदिने एथलेटिक्समा जम्मा ९ कीर्तिमान बने । यसअघि छात्र १ सय मिटर दौडमा बागमतीका प्रवीण राना मगर (१०.७६ सेकेन्ड), छात्रा ४ सय मिटर दौडमा सुदूरपश्चिमकी संगीता विक (१ मिनेट ०१.१९ सेकेन्ड), छात्रा ८ सय मिटर दौडमा गण्डकीकी नारायणी भण्डारी (२ मिनेट १७.९ सेकेन्ड) र छात्र ज्याभ्लिन थ्रोमा लुम्बिनीका राहुल थारु (५७.४० मिटर) ले कीर्तिमान स्थापित गरेका थिए । त्यस्तै, छात्र/छात्राको बागमती टोलीले ४ गुणा ४ सय मिटर रिलेमा पनि कीर्तिमान कायम गरे ।

वर्गिकृत डिस्प्ले
१X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# तम्घासमा होटल तथा पर्यटन व्यवसायीलाई तालिम



**पाल्पा, जेठ** ३०/यहाँका होटल तथा पर्यटन व्यवसायीलाई तालिम दिइएको छ । व्यवसायीहरूको सीप र दक्षता अभिवृद्धि गरी स्वच्छ र पर्यटकमैत्री सेवा प्रवाहका लागि सहयोग पुऱ्याउन दुई दिने तालिमको आयोजना गरिएको हो ।

नेपाल पर्यटन बोर्ड र होटल व्यवसायी महासंघ नेपाल तथा होटल व्यवसायी मञ्च गुल्मीको संयुक्त आयोजनामा व्यवसायीहरूका लागि आतिथ्यता व्यवस्थापन सम्बन्धी तालिम दिइएको होटल व्यवसायी मञ्च गुल्मीले जनाएको छ । यस क्षेत्रमा कार्यरत कामदार र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाह गर्न अभिप्रेरित गर्ने उद्देश्य तालिम रहेको छ । बिहिबारदेखि तम्घासको होटल निलगिरीमा सञ्चालन भएको तालिमको शुक्रबार समापन गरिएको छ । रेसुंगा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले तालिमको उद्घाटन गरेका थिए । तालिमको उद्घाटन गर्दै उनले पर्यटनको एक महत्वपूर्ण आधारका रुपमा होटल व्यवसाय रहेको उल्लेख गर्दै गुल्मी सडक र हवाई कनेक्टिभिटिका हिसाबले सुगम बन्दै गइरहेको बताए । जिल्लामा सुविधा सम्पन्न होटलको आवश्यकता रहेको उल्लेख गर्दै उनले पर्यटकहरुको आतिथित्यता महत्वपूर्ण रहेको उल्लेख गरे । नेपाल पर्यटन बोर्ड भृकुटी मण्डपका वरिष्ठ अधिकृत नारायण बस्यालले देशको समृद्धिको लागि कृषि, उद्योग, पर्यटन र होटल व्यवसायीको भूमिका महत्वपूर्ण रहेको बताए । उनले भने,'नेपालमा कुल ग्राहस्थ उत्पादन (जिडिपी) मा कृषिको योगदान करिब २५ प्रतिशत तथा उद्योगको १३ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२ प्रतिशत रहेको छ ।' अहिलेको अवस्थामा उद्योग क्षेत्रको योगदान रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, भुक्तानी सन्तुलनका साथै समग्र जिडिपी र राष्ट्रिय अर्थतन्त्रका लागि निकै महत्वपूर्ण रहेकाले होटल लगायतका क्षेत्रहरुले पर्यटकहरुको बसाइ अवधि र प्रतिदिन खर्चमा गुणात्मक वृद्धि गर्नुपर्ने आवश्यकता रहेको औंल्याए । तालिममा सहभागी होटल व्यवसायी लोकहरि भण्डारीले प्रशिक्षण कार्यक्रम निकै उपयोगी भएको बताउँदै सिकेका सीपलाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरे ।

प्रशिक्षार्थी आशिका गौतमले आफुले होटल म्यानेजमेन्ट अध्ययन गरिरहेको उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञान र सीपले थप परिस्कृत गर्न सहयोग पुऱ्याएको बताइन् । होटल व्यवसायी मञ्च गुल्मीका अध्यक्ष जंगबहादुर कुँवरले नेपाल पर्यटन बोर्ड काठमाडौंको आर्थिक वर्ष २०८१/८२ मा स्वीकृति भएको बजेटबाट होटल व्यवसायीको क्षमता विकास गर्ने उद्देश्यले आतिथ्यता व्यवस्थापन तालिमको आयोजना गरी सम्पन्न गरिएको बताए । उनले भोलीका दिनमा पनि व्यवसायीहरुलाई गुणस्तर विकासका लागि सबै एकजुट हुन आग्रह गरे । कार्यक्रममा तालिममा सहभागीहरुलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो । लालमणि आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई